# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २५० | बुटवल | २०८२ भदौं २० गते, शुक्रबार | नेपाल संवत ११४५ | Friday September 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# फेसबुक, युट्युबलगायतका सामाजिक सञ्जाल बन्द

**सञ्जाल बन्द हुँदा नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा संकुचन आउनुका साथै सामाजिक र व्यवसायिक सम्पर्कमा क्षति पुग्नेछ। वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली श्रमिक र उनीहरूका परिवारको सामाजिक-भावनात्मक सम्बन्धमा ठूलो असर पर्न सक्छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकारले सूचीकरण नभएका सामाजिक सञ्जालहरू बन्द गर्ने निर्णय गरेको छ। बिहीबार सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङसहित बसेको बैठकले सूचीकरण नभएका फेसबुकलगायतका सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेको हो। सर्वोच्च अदालतको आदेश परिपालन गरिएको जनाउँदै मन्त्रालयले क्रमशः बन्द गरिने सूचनामार्फत् जानकारी गराएको छ। यो निर्णयसँगै अब फेसबुक, म्यासेन्जर, इन्स्टाग्राम, युट्युब, ह्वाट्सएप, ट्वीटर, लिंक्ड इन, स्न्याप च्याट, रेडिट, डिस्कर्ड, पिन्ट्रेस्ट, सिग्नल थ्रेड, वी च्याट, कोरा, सम्ब्लर, क्लब हाउस, मास्टर डन, रम्बल, मि वी, मि भिके, लाइन, इमो, जालो, सोल र हाम्रो पात्रो बन्द हुनेछन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार हालसम्म टिकटक, भाइबर, निम्बज, वीटक र ओपोलाइभ गरी पाँच वटा प्लेटफर्म सूचीकरण भइसकेका छन्। यी प्लेटफर्महरू सञ्चालन हुनेछन्। मन्त्रालयका अनुसार टेलिग्राम र ग्लोबल लिंक दर्ताको प्रक्रियामा छन्।

मन्त्रालयले जारी गरेको विज्ञप्तिका अनुसार, सूचीकरणका लागि नआएका प्लेटफर्महरूलाई नेपालभर नचल्नेगरी रोक लगाउन लागिएको हो। तर बन्द गरिने सञ्जालहरू सूचीकृत गरिएको खण्डमा पुनः खोलिने पनि सरकारले जनाएको छ। २०८२ भदौ ९ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपालमा सञ्चालन भइरहेका सामाजिक सञ्जाललाई एक साताभित्र सूचीकरण हुन निर्देशन दिएको थियो। मन्त्रालय स्रोतका अनुसार नेपालमा प्रयोगमा आएका सञ्जालहरूमध्ये नेपाल दूरसञ्चार प्राधिकरणले आफ्नो सूचीमा राखेका र फेला पारेका सञ्जालहरूमाथि निर्णय भएको हो। 'सूचीकृत नभएका अन्य सञ्जालहरू फेला पर्नासाथ उनीहरूमाथि पनि यही प्रक्रिया लागू हुन्छ।'- मन्त्रालयका एक अधिकारीले भने।

सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयबारे अधिकांशले असन्तुष्टी जनाएका छन् भने कतिपयले राम्रो निर्णय भनेका छन्।

सञ्जाल बन्द हुँदा यसले अभिव्यक्ति स्वतन्त्रतामा पनि संकुचन ल्याउँछ। सेन्टर फर मिडिया रिसर्चका निर्देशक समेत रहेका मिडिया अनुसन्धानकर्ता उज्ज्वल आचार्यका अनुसार सामाजिक सञ्जाल बन्द भए अभिव्यक्ति स्वतन्त्रता र सामाजिक सम्पर्कमा क्षति पुग्छ।

सामाजिक सञ्जाल नेपालीहरूका लागि सञ्चार, अभिव्यक्ति र व्यापारिक गतिविधिको प्रमुख माध्यम बनेको छ। त्यसैले विकल्प विना बन्द हुँदा यसले अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउँछ। व्यक्तिहरुको लागि अहिले सामाजिक सञ्जाल सञ्चारको ठूलो आधार बनेको छ। यो हुँदा अभिव्यक्ति स्वतन्त्रतासँगै सञ्चार पनि खुम्चिन्छ। कुनै पनि अनियमिततादेखि अरू कुराविरुद्ध आवाज उठाउन पनि यसले सहयोग पुऱ्याएको छ।

साइबर सुरक्षा विज्ञ डा. राजीव सुब्बाले सामाजिक सञ्जाल बन्द भए साइबर सुरक्षा जोखिम बढ्ने बताउँछन्। साइबर चेतनास्तर कम भएको मुलुकमा नागरिकले विकल्प खोज्दा साइबर सुरक्षाको जोखिम झन् बढ्नसक्ने उनको भनाइ छ। भीपीएनहरू 'नन-एट्रिब्युटेबल' हुने भएकाले अपराधीलाई कारबाही गर्न कठिन हुन्छ। टिकटक बन्द हुँदा भीपीएनमार्फत्




धेरै साइबर अपराधका घटना भएका थिए।

अधिकांश नेपाली परिवारका युवा बाहिर छन्। तिनै आप्रवासीले देशको अर्थतन्त्र धानिरहेको अवस्था छ। र, उनीहरुको नेपाल वा घरसँगको सम्बन्धको लागि सबैभन्दा महत्वपूर्ण हिस्सा बनिसकेको छ, सामाजिक सञ्जाल फेसबुक र ह्वाट्सएप। यी बन्द हुँदा त्यो क्षेत्रमा विशेष असर गर्नसक्ने समाजशास्त्री डा. मीना पौडेलले बताउँछिन्। उनका अनुसार वैदेशिक रोजगारीमा रहेका लाखौं नेपाली श्रमिक र उनीहरूका परिवारको सामाजिक-भावनात्मक सम्बन्धमा ठूलो असर पर्न सक्छ। उनकाअनुसार सञ्जालले विदेशमा रहेका श्रमिकलाई परिवार, समाज र संस्कृतिसँग जोडिराखेको छ। प्लेटफर्म बन्द भएमा श्रमिक र परिवारबिचको भावनात्मक सम्बन्ध टुट्छ, जसले नैराश्यता, एक्लोपन र मनोवैज्ञानिक दबाब बढाउँछ।

अहिले ठूलो समूह समाजिक सञ्जालबाट व्यवसाय गर्ने गर्छन्। त्यसैले यसले नेपालको अनौपचारिक अर्थतन्त्र प्रभावित हुनसक्छ। सामाजिक सञ्जाल मार्केटिङको सबैभन्दा ठूलो प्लाटफर्म बनिसकेको छ। यकिन तथ्याङ्क नरहेपनि सामान किन्दा वा चाहिएको कुरा खोज्दा धेरैजसो सामाजिक सञ्जालमै भर पर्ने गरेका छन्। त्यसैले यो बन्द हुँदा मार्केटिङको सबैभन्दा ठूलो च्यानल गुम्छ।

पछिल्लो समय युवाहरुले कम लागतमा स्टार्टअप गर्ने सबैभन्दा ठूलो आधार सामाजिक सञ्जाल नै बनेको छ। यसबाट कन्टेन्ट मार्केटिङ गरेर व्यवसायमा हात हाल्न सहज भएको छ। नेपालमा सामाजिक सञ्जाल बन्द हुँदा यो तप्का प्रभावित हुन्छ।

त्यस्तै, यदि फेसबुक, इन्स्टाग्राम जस्ता प्लेटफर्म बन्द भए नेपाली स्टार्टअप र अनौपचारिक अर्थतन्त्रमा ठूलो असर पर्ने व्यवसायीहरुको धारणा छ। सामाजिक सञ्जाल प्लेटफर्महरू बन्द गर्दा अनौपचारिक अर्थतन्त्रमा ठूलो धक्का पुग्ने अर्थशास्त्री डा. चन्द्रमणि अधिकारीको धारणा छ। सामाजिक सञ्जाल साना/ठूला व्यवसायी र स्टार्टअपका लागि मार्केटिङको प्रमुख आधार बनेको छ।

## माओवादी, रास्वपा र पत्रकार महासंघद्वारा विरोध

बुटवल। सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयको प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्र र रास्वपा तथा नेपाल पत्रकार महासंघ केन्द्रीय समितिले विरोध गरेका छन्।

नेकपा माओवादी केन्द्रले सरकारले सामाजिक सञ्जाल बन्द गरेर अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेको आशंका गरेको छ। पेरिसडाँडामा बसेका पदाधिकारी बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रवक्ता अग्नि सापकोटाले सामाजिक सञ्जाल नियमन गर्नुपर्ने भएपछि सरकारको गतिविधि हेर्दा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न खोजेजस्तो देखिएको बताए।

उनले भने-'यसबारेमा हामीले गम्भीरतापूर्वक अध्ययन गर्दैछौं। अध्ययन गरेर हाम्रो धारणा सार्वजनिक गर्छौं। तर, हाम्रो प्रथम दृष्टिमै अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्नेतिर सरकार उद्धत भएको छ।'

उनले सामाजिक सञ्जाल नियमनको बहानामा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्न खोजेको बैठकले निष्कर्ष निकालेको बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरण नभएका सामाजिक सञ्जालहरु बन्द गर्ने सरकारको निर्णयप्रति आपत्ति जनाएको छ।

» बाँकी ३ पेजमा

## भण्डारीको सदस्यता, ७० वर्षे उमेर हद र दुई कार्यकालबारे फरक मत दर्ता

बुटवल। नेकपा एमालेका स्थायी कमिटी सदस्य कर्ण थापा पार्टी लोकतान्त्रिक विधिबाट सञ्चालन नभएको बताएका छन्।

पार्टी कार्यालय च्यासल पुगेर पूर्व राष्ट्रपति विद्या भण्डारीको सदस्यता नवीकरण नगर्ने, ७० वर्षे उमेर हद र दुई कार्यकालको व्यवस्था हटाउने विषयमा फरक मत दर्ता गरेपछि यस्तो बताएका हुन्।

उनले भने-'प्रथम विधान महाधिवेशनदेखि अहिलेको विधान महाधिवेशनसम्म आइपुग्दा गरेको निर्णय, भएका कामहरू, हाम्रा विधि, मूल्य मान्यता अनुसार पार्टी चलेको छैन। पार्टी लोकतान्त्रिक विधि अनुसार चलेका छैन।'

उनले केन्द्रीय कमिटीमा जानकारी गराएको विषयलाई नै दर्ता गरेको बताए।

केन्द्रीय कमिटी बैठकको निर्णय विधान महाधिवेशनमा छलफल हुने उनले जनाए। उनीबाहेक उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे र युवराज ज्ञवालीले पनि यसअघि नै आफ्नो फरक मत दर्ता गराइसकेका छन्।

## सडक आन्दोलन गर्ने माओवादीको निर्णय




बुटवल। नेकपा माओवादी केन्द्रले सरकारविरुद्ध सडक संघर्षको तयारी थाल्ने निर्णय गरेको छ। वर्षायाम र चाडबाड सकिएपछि सडक संघर्ष सुरु गर्ने गरी तयारी गरेको हो।

बिहीबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पदाधिकारी बैठकपछि प्रवक्ता अग्निप्रसाद सापकोटाले सरकारले जनताका मागहरू सम्बोधन नगरेको र सुशासनको मामला कमजोर भएको, भ्रष्टाचार बढेको हुँदा चाडबाडपछि सडक संघर्ष गर्ने गरी तयारी गर्ने निर्णय भएको बताए।

संविधानले व्यवस्था गरेको लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद र त्यसको साथसाथै समाजवादउन्मुख राज्यव्यवस्थाका स्वरूपहरू र त्यसका प्रष्ट दृष्टिकोणका बारेमा अब जनमत सिर्जना गर्दै जाने र भोलि हुने संघर्षमा त्यसलाई जोड्ने निर्णय भएको उनले बताए। प्रवक्ता सापकोटाका अनुसार बैठकले मध्यपहाडी लोकमार्गमा २१ भदौदेखि पार्टीको अभियान पुनः सुरु गर्ने निर्णय समेत गरेको छ।

पार्टीको अनुशासन, गुट-उपगुट अन्त्य गर्नेलगायतका विषयमा पनि छलफल भएको तर निर्णय नभएको उनले बताए।

# डिंगरनगर सहकारीका १८०४ जनाले मागे बचत फिर्ता

**प्रतिवेदनअनुसार सञ्चालक समितिबाट ८ करोड बढी अनियमितता, १२ करोड रुपैयाँ हिनामिना (खाए/मासेको), २५ करोड रुपैयाँ अपचलन र ८५ करोड रुपैयाँ नीतिगत अपचलन भएको अडिट प्रतिवेदनले देखाएको थियो।**




**टिआर शर्मा**

*बुटवल*

रुपन्देहीको तिलोत्तमा-३ स्थित डिंगरनगर दूरगामी बहुउद्देश्यीय सहकारी संस्थाका एक हजार ८०४ जना बचतकर्ताले बचत फिर्ताको माग गर्दै निवेदन दिएका छन्। उक्त सहकारीमा शेयर सदस्यको ३३ करोड रुपैयाँ बढी बचत रहेको छ।

सहकारीका अध्यक्ष घनश्याम तिवारी, सचिव रामबहादुर थापा र व्यवस्थापक वसन्त पराजुलीले बचत अपचलन गरेको भन्दै उनीहरुविरुद्ध इलाका प्रहरी कार्यालय बुटवलमा किटानी जाहेरी परेको दुई हप्ता बित्न लागे पनि प्रहरीले मुद्दा दर्ता गरेको छैन।

छानबिन समितिले एक महिना लगाएर तयार गरेको प्रतिवेदनको तथ्य-प्रमाणका आधारमा उनीहरुलाई पक्राउ गरी निक्षेप सुरक्षित र बचत फिर्ताको जाहेरी दिए पनि राजनीतिक चलखेलले ढिलासुस्ती गरिएको बचतकर्ताको आशंका छ। अध्यक्ष र सचिव नेपाली कांग्रेसका स्थानीय नेता हुन्।

छानबिन प्रतिवेदनअनुसार सञ्चालक समितिबाट ८ करोड बढी अनियमितता भएको देखिएको छ। यस्तै, १२ करोड रुपैयाँ हिनामिना (खाए/मासेको), २५ करोड रुपैयाँ अपचलन र ८५ करोड रुपैयाँ नीतिगत अपचलन भएको अडिट प्रतिवेदनले देखिएको छ।

सहकारीको रकम हिनामिना प्रकरणमा कारबाही प्रकृया अघि बढ्दा त्यसले रुपन्देही ३ को उप-निर्वाचनलाई समेत प्रत्यक्ष अप्रत्यक्ष असर पर्ने अनुमान गरिएको छ। सर्वसाधारण जनताको करोडौं रकम हिनामिना गर्ने अध्यक्ष, सचिव नेपाली कांग्रेसका स्थानीय नेता भएकाले यसको नकारात्मक असर नेपाली कांग्रेस पार्टीलाई समेत पर्ने स्थानीय कांग्रेस कार्यकर्ताहरु बताउँछन्।

सहकारी सञ्चालकले विभिन्न व्यक्तिका नाममा ३४ करोड ७ लाख ५५ हजार ८१४ रुपैयाँ गैरकानुनी ऋण प्रवाह गरेको छ। ऋण प्रवाह गर्दा ९ करोड २८ लाख ३० हजार बराबरको मात्र धितो राखेको छ। यस हिसाबले सहकारीको कुल ऋणमध्ये २१ करोड ७४ लाख ६६ हजार ५४९ रुपैयाँ जोखिममा छ।

त्यस्तै, व्यवस्थापक वसन्त पराजुलीले ४ करोड ७० लाख ७६ हजार १२१ रुपैयाँ अनियमितता गरेको अडिट रिपोर्टले औंल्याएको छ। पराजुलीसँग उक्त रकमको ब्याजसहित ४ करोड ८० लाख ९७ हजार असुल्नुपर्ने देखिएको पनि अडिट रिपोर्टमा उल्लेख छ।

सञ्चालक समितिले ८ करोड २७ लाख ३१ हजार ४७६ रुपैयाँ अनियमितता गरेको हुँदा उक्त रकम समितिले जिम्मा लिनुपर्ने सुझाव पनि अडिट रिपोर्टमा दिइएको छ।

अध्यक्ष, सचिव र व्यवस्थापकविरुद्ध सहकारी ठगीमा किटानी जाहेरी परेको र बचतकर्ताहरुबाट पनि बचत फिर्ताको उजुरी परेकाले भेरिफाइ गर्ने काम भइरहेको बताए।

'१८०४ जनाको सामूहिक उजुरी आएको हुँदा कतिपय उजुरीकर्ताको हस्ताक्षर नभएको पाइएकाले उहाँहरुलाई सम्पर्क गरेर भेरिफाइ गर्दैछौं, यो सकेपछि मुद्दा दर्ता होला।'-इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले भने।

सहकारीबाट ऋण लिएका सञ्चालकहरुलाई उपस्थित भएर ऋण लिएको रकम यकिन गर्न भनिसकेकाले यसपछि अभियोजन अघि बढ्ने बताए।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# जापानिज इन्सेफलाइटिस संक्रमण रोक्न ध्यान देउ

तराईका जिल्लामा जापानिज इन्सेफलाइटिस (जेई) संक्रमण तीव्र रूपमा फैलिन थालेको छ। पछिल्लो तथ्यांकअनुसार ३६ जिल्लाका ११३ जनामा संक्रमित फैलिँदा २३ जनाको ज्यान गएको छ। महाशाखाको तथ्यांकअनुसार मृत्यु हुने सबैभन्दा बढी लुम्बिनी प्रदेशका छन्। परिवार कल्याण महाशाखाका अन्तर्गतको खोप शाखाका अनुसार जापानिज इन्सेफलाइटिस विगत तीन वर्षयता आक्रामक रूपमा देखिएको छ। विगतका वर्षमा जेई संक्रमण देखिए पनि मृत्युदर उच्च थिएन। हाल भने मृत्यु संख्या ह्वात्तै बढेको छ। अघिल्लो वर्षमा संक्रमितमध्ये २९ प्रतिशतको मृत्यु भएकोमा यस वर्ष पनि उही अनुपातमा मृत्यु भइरहेको छ। गत वर्ष ८६ संक्रमितमध्ये २५ जनाले ज्यान गुमाएका थिए। यसवर्ष सबैभन्दा बढी प्रभावित प्रदेशहरू लुम्बिनी, मधेश, कोशी, गण्डकी र बागमती छन्। पछिल्लो तथ्यांकअनुसार जेई ३६ जिल्लामा फैलिसकेको छ। जसमध्ये लुम्बिनीमा ३७, बागमतीमा १८, कोशीमा १७, मधेशमा १४, गण्डकीमा १६, सुदूरपश्चिममा ९ र कर्णालीमा २ जनामा संक्रमण देखिएको छ।

बर्दिया, कावासोती, रत्ननगर, कालिका, राप्ती, कपिलवस्तु, माडी, कृष्णनगर, हरिवन, लहान, भद्रपुर, उल्लाबारी र गौरीगञ्जका बासिन्दा संक्रमित भएका छन्। नवलपरासी पश्चिममा २, अर्घाखाँची, रुपन्देही, प्यूठान, दाङ, बाँके र बर्दियामा १-१ जनाको मृत्यु भएको छ। गण्डकी र बागमतीमा ४-४ जनाको मृत्यु भएको छ। चितवनमा ३, नवलपरासी पूर्वमा ३, सिन्धुली र स्याङ्जा १-१ जनाको संक्रमितको मृत्यु भएको छ। यस्तै कोशीको रौतहटमा २, झापा, मोरङ र तेहथुम १-१ जना र सुदुरपश्चिको कैलालीमा १ जना संक्रमितको मृत्यु भएको छ। जेईले सबैभन्दा बढी ४० वर्षमाथिकालाई असर गरेको छ। तथ्यांकअनुसार ४० वर्षभन्दा माथिका १८ जनाको र ३९ वर्ष मुनिका ५ जना संक्रमितको मृत्यु तथ्यांक छ।

नेपालमा जापानिज इन्सेफ्लाइटिसको प्रकोपले लुम्बिनी, मधेश, कोशी, गण्डकी र बागमती प्रदेशलाई बढी प्रभावित बनाएको छ। यो वर्ष ३६ जिल्लामा फैलिसकेको छ। खोप अभियानले रोग नियन्त्रणमा रहेको भनिए पनि पछिल्लो समय मृत्युदर बढ्नुले खतराको संकेत गरेको विज्ञ बताउँछन्। विज्ञका अनुसार जेई संक्रमण नेपालमा अन्य देशभन्दा फरक जोखिम देखिएको छ। सामान्यतया १५ वर्षमुनिका बालबालिकामा बढी देखिने जेई नेपालमा भने पछिल्लो समय ४० वर्षमाथिका मानिसमा मृत्यु र संक्रमण देखिएको छ।

जापानिज इन्सेफलाइटिस भाइरसबाट हुने रोग हो। यो भाइरस क्युलेक्स लामखुट्टेले सार्छ। रोग सार्ने लामखुट्टे बिहान र बेलुका सक्रिय हुन्छन्। यो रोग भाइरसबाट संक्रमित चराचुरुंगी र सुँगुरलाई टोक्ने लामखुट्टे सुरुमा आफू संक्रमण हुन्छ र त्यसले टोक्दा मानिसमा संक्रमण सर्छ। लामखुट्टेजन्य रोगको स्वरूप जलवायु परिवर्तनसँगै बदलिँदै पहाडसम्म चढेका कारण संक्रमित संख्या र मृत्यु पनि बढ्दै गएको छ। जापानिज इन्सेफलाइटिस डेंगु भाइरस समावेश भएको 'फ्लेभी भाइरस' समूहअन्तर्गत पर्छ। यसलाई उच्च घातक संक्रमण मान्न सकिन्छ। उपचारपछि पनि करिब ५० प्रतिशतसम्मलाई स्नायु प्रणालीमा दीर्घकालीन असर देखिने गर्छ। जापानीज इन्सेफलाइटिस प्रायः धान खेती हुने ठाउँ, स्थिर पानी जम्ने क्षेत्र, सुँगुर र हाँस पालन हुने स्थानमा बढी देखिन्छ।

डेंगुको तुलनामा केस संख्या कम देखिने भए पनि मृत्यु दर भने उच्च रहने भएकाले यसबाट हुने संक्रमण र मृत्यु दर घटाउन संघीय, प्रदेश र स्थानीय सरकारले प्राथमिकताका साथ काम गर्न जरुरी छ। जापानिज इन्सेफलाइटिसबाट भइरहेको मानवीय क्षतिलाई सामान्य रुपमा लिन हुँदैन। तसर्थ तीनै तहका सरकारले समन्वय गरेर विशेष योजना र रणनीतिका साथ नागरिकको ज्याउन बचाउनेतर्फ गम्भीर भएर लाग्नुपर्ने खाँचो छ।

# भारतीय अतिक्रमण र चीनको मौनता



विनबहादुर कुँवर

लिपुलेक, कालापानी र लिम्पियाधुरा र सुस्ता, महेशपुर आदि भू-भाग अतिक्रमणको कुरा मात्रै होइन, त्यो पुरानो सुगौली सन्धिको नै खारेजी र त्यो पुरानो ग्रेट नेपालकै नक्सा बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा नै लडाइँ लड्दै जानुपर्ने भएको छ। स्वयं करोडौं भारतीय जनताहरु समेत यसको पक्षमा देखिँदै आएका छन्। भारतीय माओवादी कम्युनिष्ट पार्टीले त यस्तो भारतीय विस्तारवादी अतिक्रमणको पटक-पटक विरोध गर्दै आइरहेको छ। भारतीय विस्तारवादी र साम्राज्यवादी सोँच नेपालमा मात्रै नभएर त्यो छिमेकी मुलुक बंगलादेश, श्रीलंका, पाकिस्तान, मालदीपलगायत आफ्नै देशभित्र पनि देखिँदै आएको छ।

नेपालीमा एउटा उखान छ- 'हात्ती आपसमा लडे पनि र मिले पनि रुख-बिरुवाको सत्यानास।' ठीक यो हाम्रो देशको सन्दर्भमा पनि मेल खाँदै आएको छ। प्रसंग नेपालका दुई छिमेकी ठूला राष्ट्र चीन र भारतबिचको एकता र मिलापबाट देखिन थालेको छ। हालै मात्र चीन र भारतका परराष्ट्र मन्त्रीबिचको भेटघाट र सहमतिअनुसार नेपालको भू-भाग लिपुलेक हुँदै यी दुई राष्ट्र चीन र भारतबिच व्यापार आदानप्रदानको साथै पर्यटनको विकास गर्ने भनिएको छ। यो समझदारी यसभन्दा पहिले अर्थात् सन् २०१५ मा नै भइसकेको थियो। तर भारत-चीनबिच बेला मौकामा हुने गरेको सीमा विवाद र त्यसैको कारण आपसी सैनिक झडपका कारण त्यो रोकिएको थियो। त्यसलाई अहिले पुनः ब्युँताउने काम चीन-भारतले गरेका छन्। सबैलाई थाहा छ नेपाल एक भूपरिवेष्टिक चीन-भारतबिच अवस्थित एउटा सानो र गरिब मुलुक हो।

चीन विश्वको दोस्रो आर्थिक सम्पन्न मुलुक हो। त्यसैले बडो गर्वका साथ चिनियाँ राष्ट्रपति सिजिङपिङले हालै सम्पन्न संघाई सहयोग संगठन (एससीओ) को अवसरमा भारतीय प्रधानमन्त्रीसँगको भेट वार्तामा चीनलाई ड्रागन र भारतलाई हात्तीको उपमा दिँदै यो चीन-भारतबिचको एकता र मिलापलाई उच्च प्राथमिकता दिएका छन्। यो हाम्रा लागि पनि खुसीको कुरा हो। किनकि हाम्रा यी दुई ठूला विश्व शक्ति सम्पन्न राष्ट्रहरु बिचको यस प्रकारको एकता र मिलापले हाम्रो पनि हित हुन्छ र हुनु पर्ने हो। तर दुःखको कुरा माथि हात्ती लडे पनि र मिले पनि रुख-बिरुवाको सत्यानास भने जस्तै यी दुई ठूला र शक्तिशाली राष्ट्रहरुको यो मिलापले नेपालको राष्ट्रियता-स्वाभिमान र भौगोलिक अखण्डन माथि ठूलो बज्रपात भएको छ। वास्तवमा जुन बाटो र भू-भाग हुँदै यस प्रकारको दुई पक्षीय समझदारी भएको छ अर्थात् पश्चिम नेपालको भू-भाग लिपुलेक हुँदै गर्ने भनिएको त्यो दुई राष्ट्रबिचको व्यापार र पर्यटनको आदानप्रदान गर्दा नेपाललाई कुनै जानकारी सोधपुछ नै नगरी खाली चीन र भारतबिचको दुई पक्षीय समझदारी गरिएको छ। त्यसबाट नेपालको राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकता र स्वाभिमानप्रति ठाडो हस्तक्षेप भएको छ। त्यसैले नेपालको एक स्वतन्त्र र स्वाभिमान अनि देशभक्त नागरिकको हैसियतले यी दुई राष्ट्रबिचको यस प्रकारको राष्ट्रघाती समझदारीप्रति घोर विरोध, निन्दा र घृणा गर्नु स्वभाविक नै छ।

हो, भारत त यो क्षेत्रकै एउटा अतिक्रमणकारी र विस्तारवादी मुलुक नै हो। नेपालको पूर्व-पश्चिम-दक्षिण सीमा चारैतिर वर्षौंदेखि यस्तो अतिक्रमण र हस्तक्षेप नै गर्दै आएको छ। स्वयं त्यही अर्थात् लिपुलेक, कालापानी र लिम्पियाधुरास्थित त्यो नेपालको भू-भागलाई वर्षौंदेखि अतिक्रमण गरी बसिरहेको छ। चीनले भने अहिलेसम्म त्यस्तो अतिक्रमण र हस्तक्षेपकारी कुनै पनि कदम नेपालको लागि चालेको स्थिति छैन। नेपालको राष्ट्रिय स्वतन्त्रता र स्वाभिमानप्रति ठूलो कदर गर्दै पनि आएको छ। तर अहिले यो मामिला अर्थात् नेपालको त्यो भू-भाग लिपुलेक हुँदै गर्ने भनिएको चीन-भारत व्यापार र पर्यटन आदानप्रदान गर्दा भारतले नेपालसित केही सोधपुछ नगरे पनि चीनले त्यो गर्न सक्थ्यो र गर्नु पर्ने नै हुन्थ्यो। त्यो नगरी खाली भारतसित मात्रै दुई पक्षीय त्यो समझदारीले चीन पनि विस्तारै भारत जस्तै आफ्ना छिमेकी मुलुकहरु माथि बेवास्ता गर्दै हस्तक्षेपकारी बन्न थालेको र बन्ने सम्भावना देखिन थालेको छ। चरम पुँजीको विकास, तर असमान वितरण र अन्धराष्ट्रवाद नै साम्राज्यवादको लक्षण हो। जस्तो अमेरिकाले आफूलाई विश्वको प्रथम राष्ट्र घोषणा गर्दै आएको छ। अरु सबलाई दोस्रो आफ्नो इशारा र निर्देशनमा चल्नुपर्ने नचले इरानमा जस्तै आक्रमण र हस्तक्षेप गर्ने चुनौती दिइरहेको छ। ठीक यस्तै यस्तै शैली अब चीन-भारतले गर्न थालेको जुन अवधारणा माथि उल्लेख गरेको चिनियाँ ड्रागन र भारतीय हात्ती उपमाले पनि त्यसको संकेत गर्दैछ।

यसै क्रममा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली पाँच दिने चीन भ्रमण गरी फर्केका छन्। जुन उत्साह र फूर्तिका साथ उनी त्यहाँ गएका थिए, खासगरी नेपालको भू-भाग लिपुलेक नाका हुँदै चीन-भारतको दुई पक्षीय व्यापार र पारवहन तथा पर्यटन आदानप्रदानको विषयमा चीनलाई अवगत गराई चीनलाई आफ्नो पक्षमा पार्ने थियो। तर चिनियाँ राष्ट्रपतिले त्यसलाई खासै महत्व नदिई त्यो खाली भारत- नेपालबिचको मतभेद मात्र भएकाले त्यसमा चीन नमुछिने बताएपछि प्रम ओली यसमा जति मच्चिकदै त्यहाँ गए पनि अन्ततः त्यत्तिकै थच्चिकदै फर्कनु पऱ्यो। यतिसम्मकि चीनका राष्ट्रपति र नेपालका प्रधानमन्त्रीबीचको त्यो दुई पक्षीय भेटवार्तामा भएको त्यो कुरालाई चिनियाँ सञ्चार मिडियाले कुनै महत्व नै नदिई त्यसलाई समाचारमा समेत उल्लेख नै गर्न चाहेनन्। तै पनि यहाँका एमाले झोलेहरुले भने चिनियाँ राष्ट्रपति सामु ओलीको त्यो अर्थात् नेपाली भू-भाग लिपुलेकमार्फत् भएको चीन-भारत व्यापार र पारबहान आदानप्रदान गर्ने सहमतिप्रतिको विरोधलाई लिएर यहाँ प्रम ओलीको जयजयकार गरिरहेका छन्। उल्टै चीनले आफ्नो ग्लोबल सेक्युरिटी इनिसेटिम जीएसइ अर्थात् चिनियाँ अन्तर्राष्ट्रिय सुरक्षा राजनीतिअन्तर्गत नेपाललाई समेत समेटी वक्तव्य जारी गरेको छ। यसले आजसम्म नेपालले अपनाउँदै आएको असंलग्न परराष्ट्र नीतिमाथि प्रश्न खडा गरेको छ। एकातिर अमेरिकी सैन्य रणनीति र अर्कोतिर चिनियाँ बीआरआइअन्तर्गतको यस्तै चिनियाँ रणनीति स्वीकार गर्दा अन्ततः नेपाल अन्तर्राष्ट्रिय साम्राज्यवादी क्रिडास्थल बन्ने सम्भावना बढेर गएको छ। चीन गए चीनको गुलामी भारत गए भारतको अनि अमेरिकाको गुलामी गर्नु नै यी सबै नेपाली लेण्डुपेहरुको यो अवस्थाले नेपालको राष्ट्रियता र स्वाभिमान अनि सार्वभौम अस्तित्वमा एकदमै खतरामा पर्दै गएको छ।

प्रधानमन्त्रीको यो चीन भ्रमणपछि अब यही महिनाको अन्तिममा भारत भ्रमणको तयारी छ। लामो समयको पर्खाइपछि मात्र प्रम ओलीले भारतको भ्रमण गर्न पाउने त भए तर पहिलो गाँसमै ढुंगा भने जस्तै चीन-भारतबिचको नेपालको लिपुलेक हुँदै गरिने व्यापार आदानप्रदानको विषयले गर्दा अलि बढी खटपट हुने देखिँदैछ। यसमा चिनियाँ राष्ट्रपतिले खासै महत्व नदिए पनि भारतीय प्रधानमन्त्रीले भने एउटा विशेष महत्वका साथ उक्त बाटो हुँदै चीन-भारतबिचको दुई पक्षीय व्यापार आदान प्रदानले चीन-भारतबिच समधुर सम्बन्ध विस्तार भएको खुसी व्यक्त गरेका छन्। यसमा देखिएको चीनको मौनता र एक प्रकारको बेवास्ताले भारतको मनोबललाई बढाएको छ। एक प्रकारले उक्त भू-भाग भारतकै भएको प्रमाणको रुपमा भारतले त्यसलाई अघि सार्न थालेको छ।

जे होस् उक्त भू-भाग नेपालकै हो र यसमा चीन-भारतले जे भने पनि त्यसलाई नेपालले स्वीकार्ने स्थिति नै रहन्न। त्यसकारण पनि प्रम ओलीको भारत भ्रमणमा पनि भारतीय प्रम नरेन्द्र मोदीसामु पनि यस्तै अडान लिउन। यो हाम्रो जोडदार माग छ। यहाँ त्यसको बारेमा गर्जने, तर भारतमा जाँदा मौन रहने प्रवृत्ति नेपालका शासकहरु देखिँदै आएका छन्। एउटा उदाहरण पूर्व प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डको छ। भारतीय प्रधानमन्त्रीको अनुरोधमा आफू कम्युनिष्ट भए पनि काली मन्दिरमा गेरु बस्त्र धारण गरी पूजापाठ गर्न भ्याए, तर कालापानी, लिपुलेक, लिम्पियाधुराबारेमा मोदीसँग एक आखर कुनै पनि कुरा गर्न भ्याएनन् वा चाहेनन्। नेपाल फर्केपछि त्यसमा सोधिएको एक प्रश्नमा त्यसले मोदीसँगको सम्बन्धमा अलि असर पार्छ कि भनी त्यो नभनेको बताएका थिए। ठीक यस्तै चाल अहिले पनि प्रम ओलीले नगरुन्, यो हाम्रो अग्रिम सुझाव हो। राष्ट्रमाथि नाङ्गो अतिक्रमण भइरहँदा पनि भारतसामु बोल्न नसक्ने यी कस्ता नेपालका लेण्डुपे जस्ता प्रधानमन्त्री हुन्? यिनीहरुको अनुहार देख्दै घृणा लागेर आउँछ।

हुन त अहिले प्रम ओलीले नेपालको नयाँ चुच्चे नक्सा बनाइ प्रचारप्रसार गरे पनि हिजो त्यस ठाउँबाट बग्ने महाकाली नदीको सीमा र उदगमस्थल नै नछुट्टाई गरिएको महाकाली नदी सन्धि-सम्झौताले यसमा ठूलो विवाद खडा गरेको छ। भारतले यसैलाई प्रमाणको रुपमा एउटा सानो खहरे खोलालाई महाकाली नदीको उदगमस्थल बनाएरर त्यो नेपालको भू-भाग सबै आफ्नो भएको बताउँदै आएको छ। सर्वप्रथम त्यो पहिलेको टनकपुर, महाकाली नदी सन्धि सम्झौता नै खारेजको माग गर्नु पर्दछ। त्यो नभए अब पनि त्यसलाई समेटेर नयाँ संकल्प प्रस्ताव नेपालले जारी गर्नु पर्दछ। नत्र भने हिजो कांग्रेस-एमाले-राप्रपा आदिद्वारा संसदको बहुमतबाट पारित उक्त सन्धि सम्झौता अनि त्यतिबेला त्यसलाई पारित गराउन चार हात बुरुक्क उफ्रँदै अरबौं आम्दानी हुने बताएका अहिलेका यिनै प्रधानमन्त्री केपी ओली, त्यस्तै नेका शेरबहादुर देउवा अनि राप्रपाका भारतीय दलाल पशुपति समशेरलगायतका कांग्रेस- एमाले तत्कालीन सभासदहरुले गरेको राष्ट्रघात यथावत नै रहिरहनेछ। अब नेपालमा पश्चिमबाट सूर्य उदाउँछ भन्ने भारतीय दलाल पशुपति समशेर, अरबौं रुपैयाँको आम्दानीको कुरा गर्ने केपी ओली र त्यसलाई जसरी पनि सदनबाट पारित गराएर नै छाड्ने कांग्रेसी नेता शेरबहादुरको त्यो राष्ट्रघातबाट बचाउनका लागि पनि त्यसको विरोधमा सुगौली सन्धि अनुरुप काली नदीको मूल मुहान-उदगमस्थल पश्चिम नेपालको लिम्पियाधुरा नै हो भनी फेरि अहिले सदनबाट संकल्प प्रस्ताव पारित गराई हाल्नुपर्दछ। नत्रभने 'काग कराउँदै छ पिना सुक्दैछ' भने जस्तै भारतले नेपालको यो भनाइलाई सुनेको नसुनै लगातार उक्त क्षेत्रमा आफ्नो काम गरिनै रहेको छ। हुँदाहुँदा त्यसलाई चीनबाट समेत मान्यता प्रदान गराई छाडेको छ।

वास्तवमा यो समस्याको गाँठी कुरा टनकपुर महाकाली नदी सन्धि सम्झौताकै छ। भारतले जुन जोडबलका साथ त्यो सन्धि-सम्झौता नेपालको सदनबाट पारित गरायो त्यसको मूल उद्देश्य नै कालापानी, लिपुलेकअन्तर्गतको त्यो नेपालको भूमिलाई कब्जा गर्नु नै थियो। पानी, बिजुली त खाली देखावटी कुरा मात्रै थियो। भारतले उक्त सन्धि सम्झौता पारित गराउन अरबौं रुपैयाँ नेपाली नेताहरुलाई बाँडेको तत्कालीन एमाले पार्टीका नेता वामदेव गौतम र सीपी मैनाली आदिले भन्ने गरेका थिए। स्वयं त्यतिबेला एमालेकै नेताहरुले केपी ओलीलाई अरबौं भारतीय रुपैयाँ खुवाएर उक्त सन्धि सम्झौता पारित गराएको आरोप लगाउने गरेका थिए। निश्चय नै त्यो हो भने त्यसको गोप्य यथार्थ रेकर्ड अहिले पनि भारतीय राजदूतबासमा यथावत रहेको होला। त्यसको त्यो पुरानो रेकर्ड एकपछि अर्को रुपमा भारतले सार्वजनिक गर्न थाले। कतै अहिले देखिएको यो प्रम ओलीको नेपालको चुच्चे नक्सा अनि कालापानी, लिपुलेक नेपालको भू-भागका लागि देखाउन खोजेको चुरीफुरी त्यत्तिकै सेलाउँदै जाने त हैन?

जे होस् अन्त्यमा त्यो नेपालको चुच्चे नक्साअन्तर्गतको भूमि नेपालकै हो। पुराना दर्जनौं ऐतिहासिक प्रमाणहरु अहिले पनि सुरक्षित छन्। त्यसमा भारतीय विस्तारवादको अतिक्रमण र चिनियाँहरुको मौनता जे भए पनि आम देशभक्त र स्वाभिमान नेपालीहरुले त्यसको पक्षमा र भारतीय अतिक्रमणको विरुद्ध लडिरहने नै छन्। यो सवाल नेपाल-भारत र चीनबिच मात्र नभएर यो अन्तर्राष्ट्रिय सवाल भइसकेको छ। अब लिपुलेक, कालापानी र लिम्पियाधुरा र सुस्ता, महेशपुर आदि भू-भाग अतिक्रमणको कुरा मात्रै होइन त्यो पुरानो सुगौली सन्धिको नै खारेजी र त्यो पुरानो ग्रेट नेपालकै नक्सा बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा नै लडाइँ लड्दै जानुपर्ने भएको छ। स्वयं करोडौं भारतीय जनताहरु समेत यसको पक्षमा देखिँदै आएका छन्। भारतीय माओवादी कम्युनिष्ट पार्टीले त यस्तो भारतीय विस्तारवादी अतिक्रमणको पटक-पटक विरोध गर्दै आइरहेको छ। भारतीय विस्तारवादी र साम्राज्यवादी सोँच नेपालमा मात्रै नभएर त्यो छिमेकी मुलुक बंगलादेश, श्रीलंका, पाकिस्तान, मालदीपलगायत आफ्नै देशभित्र पनि देखिँदै आएको छ।

# सेयर बजार २७१९ अंकमा झऱ्यो, बढ्यो कारोबार



काठमाडौं। बिहीबार सेयर बजार अघिल्लो दिनको तुलनामा ६.५५ अंक घटेको छ। सो गिरावटपछि नेप्से २७१९ मा कायम भएको छ। बजार अन्तिम ४० मिनेटमा सम्हालिएको छ।

भारित औसत गणनाअघि १ अंकमुनि रातो रहेको बजार गणनापछि ६ अंक घटेको हो। २:२० बजे २७०३ अंकसम्म झरेको सेयर बजार त्यसपछि सम्हालिँदै उकालो गति लिए पनि हरियो हुन सकेन।

कारोबार रकम बढेको छ। अघिल्लो दिन ४ अर्ब ७२ करोडको कारोबार भएकोमा ५ अर्ब १४ करोडको भयो। ८५ कम्पनीको मूल्य बढ्दा १६५ को घट्यो भने एउटाको स्थिर रह्यो।

सबै समूहका सूचकको उतारचढाव १ प्रतिशतमुनि रह्यो। बैंकिङ ०.३१, विकास बैंक ०.३८, फाइनान्स ०.३७, होटल तथा पर्यटन ०.६५, लगानी ०.३१, जीवन बीमा ०.३९, माइक्रोफाइनान्स ०.१५, उत्पादन तथा प्रशोधन ०.१९, निर्जीवन बिमा ०.१०, तथा अन्य समूह ०.५० प्रतिशत घटे।

व्यापार ०.५८ प्रतिशत बढ्यो। हिमस्टार ऊर्जा कम्पनीको मूल्य सबैभन्दा धेरै १० प्रतिशत बढ्यो। त्यस्तै विन्ध्यबासिनी हाइड्रोपावरको ६.०७, माथिल्लो मैलुङखोला जलविद्युत्को ६.०५, उपकार लघुवित्तको ५.०९ प्रतिशत मूल्य बढ्यो।

बाराही हाइड्रोपावरको मूल्य ३.८३, पिपुल्स पावरको ३.४५, दिव्यश्वरी हाइड्रोपावरको ३.४५ तथा ग्रिन डेभलपमेन्ट बैंकको ३.३० प्रतिशत मूल्य घट्यो।

नेपाल पुनर्बिमा, विन्ध्यबासिनी हाइड्रोपावर, हिमालयन रिइन्स्योरेन्स, युनियन हाइड्रोपावर र हिमालयन डिस्टिलरी क्रमशः अगाडि रहे।

# डेंगुको लक्षण र उपचार विधि

डा. विनयकुमार रेग्मी




डेंगु इजिप्टी प्रजातीको पोथी लामखुट्टे एडिसको टोकाइबाट लाग्ने रोग हो। उक्त लामखुट्टेले टोकेको ४ देखि ७ दिनभित्र डेंगुको लक्षण देखा पर्दछ।

डेंगु भएपछि उच्च ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने तथा जोर्नी दुख्ने गर्छ। डेंगु भएपछि शरीरको प्लेटलेट्स द्रुत गतिमा घट्न थाल्छ।

मानिसले प्लेटलेट्स बढ्छ भनेर विभिन्न चिजहरु खाने गरेका छन्। तर त्यसको प्रयोग गर्नुहुँदैन। प्लेट्सलेट २० हजारभन्दा कम भएमा तुरुन्त भर्ना भएर प्लेटलेट्स चढाउने पनि हुनसक्छ। यसमा बिरामीलाई तुरुन्तै अस्पतालमा भर्ना गर्नुपर्छ अन्यथा समयमै उपचार नपाउँदा बिरामीको ज्यान समेत जान सक्छ। डेंगुको लक्षण पहिचान गरेर मात्रै यसको उपचार गर्न सकिन्छ। यसले स-साना सफा पानी जमेको स्थानमा फुल पार्ने गर्दछ।

खास गरी वर्षाको पानी जम्ने टीनका डब्बाहरू, रंगका खाली डब्बा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरू, फुलदानी, गमला, पानीका ट्ंयाकी आदिमा यस्ले फुल पार्दछ। सहरी क्षेत्रमा यस्ता वस्तुहरू पर्याप्तमात्रामा हुने भएकाले पनि यो लामखुट्टे सहरमा बढी देखिने गरेको पाइन्छ।

**डेंगुको लक्षणहरू**

१. उच्च ज्वरो आउनु
२. टाउको दुख्नु
३. आँखा दुख्नु
४. मांसपेशी र जोर्नी दुख्नु
५. थकाई लग्नु
६. वाकवाकी लाग्नु वा वान्ता हुनु
७. छालामा रातो दागहरू देखा पर्नु
८. पेट दुख्ने
९. गिजा वा नाकबाट रगत बग्ने
१०. सास फेर्न गाह्रो हुनु
११. चिडचिडापन हुनु

यद्यपि, गम्भीर अवस्थामा (डेंगु हेमोरेजिक ज्वरो) को जोखिम बढ्ने गर्दछ।

यस्तो अवस्थामा रक्तनलीमा क्षति पुग्ने र शरिरबाट प्लेटलेट्स कम हुँदै जान्छ।

डेंगु पत्ता लगाउनका लागि रगत जाँच गर्नुपर्छ। रातो रगत सेतो रगतको मात्रा हेर्ने गर्नुपर्छ। कलेजो (लिभल र किड्नीको फंसन) डेगैंको एन्टीजेन र एन्टीवडी चेक गर्नुपर्ने हुन्छ।

**डेंगुको उपचार**

डेंगुको कुनै खास औषधि वा सही उपचार उपलब्ध छैन। यस्तो अवस्थामा बढीभन्दा बढी पानी पिउनुपर्छ। अत्यन्तै गम्भीर अवस्थामा, रोगीलाई इलेक्ट्रोलाइट सप्लीमेंट दिनुपर्छ। केही अवस्थामा, ब्लड प्रेसर मोनिटरिंग र ब्लड ट्रांस्फ्यूजनमार्फत् पनि उपचार गरिन्छ। डेँगु लामखुट्टेले टोकेर लाग्ने रोग भएको हुनाले लामखुट्टेलाई नै टोक्न नदिनु यसको प्रमुख रोकथाम हो। तसर्थ, झुल लगाएर सुत्ने, पुरा व्लाउज भएको कपडा लगाउने, धुप वाल्ने, पानी जम्ने खाडललाई नष्ट गर्नुपर्छ।

**डेंगुको रोकथाम**

१.जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
२.पूरै शरीर ढाक्ने लुगा लगाउने।
३.साँझ हुनुभन्दा पहिले घरको झ्याल र ढोका बन्द गर्ने।
४.पानी जम्मा गरेर नराख्ने।
६.घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।

**उपचार**

डेँगु आँफै निको हुने रोग हो। यसको कुनै स्पेशल उपचार छैन।

डेँगुमा देखिएको लक्षणको उपचार गर्ने हो। डेँगुमा विशेष गरी प्रशस्त मात्रामा पानी खानुपर्छ। ब्लडप्रेसर ध्यान दिएर जाँच गर्नुपर्छ। स्वास्थ्य खबरबाट

# बागलुङमा डेङ्गुभन्दा स्क्रब टाइफसका बिरामी धेरै



गलकोट (बागलुङ) । बागलुङमा डेङ्गुभन्दा स्क्रब टाइफसका बिरामी धेरै देखिएका छन् । साउनयता जिल्लामा २० जनामा डेङ्गु सङ्क्रमण देखिँदा १५८ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य कार्यालय बागलुङका जनस्वास्थ्य निरीक्षक लक्ष्मी शर्माका अनुसार डेङ्गुभन्दा आठ गुणाबढी स्क्रब टाइफस देखिएको छ । स्क्रब टाइफसका सबैभन्दा धेरै सङ्क्रमित गलकोट नगरपालिकामा फेला परेका छन् ।

गलकोट नगरपालिकामा १३५ जना स्क्रब टाइफसबाट सङ्क्रमित भएका छन् । त्यसपछि बडिगाड गाउँपालिकामा आठ, ताराखोला गाउँपालिकामा चार र ढोरपाटन नगरपालिकामा एक जना सङ्क्रमित भेटिएका छन् । अन्य जिल्ला ठेगाना भएका छ जना सङ्क्रमित भएका छन् । गलकोट नगर अस्पतालमा १५८ जनामध्ये १५३ जना, धौलागिरी अस्पतालमा चार जना र बुर्तिबाङ अस्पतालमा एक जनामा स्क्रब टाइफस पुष्टि भएको हो ।

गलकोट नगर अस्पतालमा आउने बिरामीमध्ये दैनिक न्यूनतम पाँच जनासम्मका बिरामीमा स्क्रब टाइफस देखिएको छ । अन्यत्रभन्दा यहाँ धेरै परीक्षण गरेका कारण सङ्क्रमणको संख्यासमेत बढी पाइएको गलकोट नगर अस्पतालका प्रमुख डा. राजेश पौडेलले बताए । उनले अहिले अस्पतालमा सात जना स्क्रब टाइफस र डेङ्गुका बिरामी उपचाररत रहेका र अन्य बिरामी उपचारपछि घर फर्केको जानकारी दिए ।

स्क्रब टाइफस मुख्यतया झारपात र घाँसपातमा बस्ने किराबाट फैलने भएकाले सावधानी अपनाउन पर्ने स्वास्थ्यकर्मी बताउँछन् । सङ्क्रमितलाई उच्च ज्वरो, टाउको दुख्ने, शरीरमा रातो दाग आउनेलगायतका लक्षण देखिने गर्छ ।

यसैगरी, बागलुङमा चालु आर्थिक वर्षमा पुष्टि भएका २० जना डेङ्गु सङ्क्रमितमध्ये सबैभन्दा बढी गलकोट नगरपालिकामै रहेको पाइएको छ । जिल्लामा डेङ्गु सङ्क्रमितको संख्या बढ्दै गएको जनस्वास्थ्य निरीक्षक शर्माले बताए । उनका अनुसार बागलुङका १० स्थानीय तहमध्ये सबैभन्दा बढी गलकोट नगरपालिकामा नौ जना सङ्क्रमित छन् ।

ढोरपाटन नगरपालिकामा चार, ताराखोला गाउँपालिकामा दुई, बागलुङ नगरपालिकामा तीन, काठेखोला गाउँपालिका र निसीखोला गाउँपालिकामा एक/एक जना डेङ्गु सङ्क्रमित भेटिएका छन् । अन्य पालिकामा हालसम्म डेङ्गु सङ्क्रमित भेटिएका छैनन् ।

डेङ्गु सङ्क्रमित २० मध्ये गलकोट नगर अस्पतालमा ११, बुर्तिबाङ अस्पतालमा पाँच र धौलागिरि अस्पतालमा चार जना उपचारपछि घर फर्केका छन् ।

# नवीन औद्योगिकमा तीन तले बाह्रकोठे भवन शिलान्यास




बुटवल । नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा केन्द्रीय आयोजना कार्यान्वयन इकाइ भक्तपुरद्वारा निर्माण गर्न लागिएको तीन तले बाह्रकोठे भवनको शिलान्यास बिहीबार सम्पन्न भएको छ ।

उक्त भवनको शिलान्यास गर्दै प्रमुख अतिथि बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलको शैक्षिक क्षेत्रमा विद्यालयले छुट्टै पहिचान कायम गरेर बुटवललाई गर्व गर्ने काम गरेकोमा विद्यालयमा कार्यरत विद्यालय प्रशासन, शिक्षकहरुको उच्च प्रशंसा गर्दै विद्यालयको समग्र विकासमा निरन्तरता रहने प्रतिबद्धता व्यक्त गरेका थिए ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाइ भक्तपुरका इञ्जिनियर सागर पौडेलले विद्यालयको भवन नेपाल सरकारको मापदण्ड अनुसार २०८३ पौष २८ गतेसम्म काममा कुनै कमि नआउने गरी सम्पन्न गरी विद्यालयलाई हस्तान्तरण गर्न र उक्त भवनको लागि १६८ सेट डेस्क बेन्च छुट्टै शौचालय समेत रहने बताए ।

निर्माण व्यवसायी जी.पी. विल्डर्स प्रा.लि.का इञ्जिनियर अर्जुन पाण्डेयले लुम्बिनी प्रदेशमा ५ वटा यहि किसिमका भवन निर्माण गर्ने जिम्मेवारी प्राप्त भएकोमा समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले हालसम्मका विद्यालयका सवल पक्षहरु र विद्यालयले सामना गर्नु परेका चुनौतीहरुको बारेमा धारणा राखेका थिए ।

बुटवल उप-महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष एवं विद्यालयका संरक्षक रामचन्द्र क्षेत्रीको अध्यक्षतामा अखिल नेपाल फुटबल संघ (एन्फा) द्वारा अण्डर १४ फुटबलमा छनौट भइ बुटवल उप-महानगरपालिकाको तर्फबाट आवासीय सुविधासहित कक्षा १० एफमा अध्ययनरत फुटबल खेलाडी विद्यार्थी अभिक शर्माको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।


# Binayi Tribeni Rural Municipality

## Office of The Rural Municipal Executive

**Dumkibas, Nawalparasi (East of Bardaghat Susta)**

**Gandaki Province, Nepal**

# Invitation For Online Bids

First Date of publication: 2082/05/20, (5th, Sept, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Minimum Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 14/BTRM /NCB/ Works/ 2082-083 | Milan chowk shivpur gadhi tribeni gajendramoksha sadak | best 3 years with in the last 10 years NRs. 61250000 | at least one Truss Bridge project of NRs. 24500000 | 1837500.00 | 5000 | 2082/06/22 (8th, Oct, 2025) Before 12:00 | 90 Days | 2082/06/09 (25th, Sept, 2025) at 1:00 PM | Single Stage, Two Envelope |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelopes per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as specified above.
5. Pre-bid meeting shall be held at Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta), Dumkibas at above mention date and time.
6. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before above date. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on specific time above at the office of Binayi Tribeni Rural Municipality. Bids must be valid for a period of above mention days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum specific as above, which shall be valid for 30 days beyond the validity period of the bid. If bidders wish to submit bid security in the form of the cash, the cash should be deposited in above dharautikhata no.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. In the case of discrepancies or error in the bid, bid document, bid notice or any other documents,Binayi Tribeni Rural Municipality reserves the right to amend and correct at any time
10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatever
11. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws

**Chief Administrative Officer**


**माओवादी...**

प्रतिनिधि सभाको बिहीबारको बैठकमा बोल्दै सांसद आशोककुमार चौधरीले सामाजिक सञ्जालहरुको नियमन र व्यवस्थापन गर्ने कुरामा कुनै बिमति नरहे पनि बन्द गर्ने धम्की दिने सरकारको नियत ठीक नरहेको तर्क गरे ।

उनले सर्वोच्च अदालतको परमादेशअनुसार सामाजिक सञ्जालहरुलाई दर्ता गर्नको लागि आवश्यक कूटनीतिक वार्ता गर्नुपर्ने आवश्यकता रहेको पनि बताए ।

'सामाजिक सञ्जाललाई व्यवस्थित गर्नुपर्नेमा कसैको कुनै असहमति छैन, तर सर्वोच्च अदालतले दिएको स्पष्ट परमादेश छ,' चौधरीले भने-'यी प्लेटफर्महरु दर्ता गरेर नियमनमा ल्याउनुपर्छ । सरकारको कर्तव्य भनेको त्यही आदेशलाई अक्षरशः कार्यान्वयन गर्नु हो । त्यसका लागि कूटनीतिक वार्ता र दीर्घकालिन रणनीति अपनाउनु हो । धम्की दिने वा हतारमा बन्द गर्ने होइन । तर सरकार संयमता अपनाउनुको साटो एकदुई हप्ता भनेर धम्की दिने काम गरिरहेको छ । यो जनहित विपरित छ ।'

यस्तै नेपाल पत्रकार महासंघले सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय अपरिपक्व भएको प्रतिक्रिया दिएको छ ।

पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णय अपरिपक्व भएको बताए ।

उनले भने- 'नागरिकले सूचना आदानप्रदानको अत्याधिक प्रयोग गर्ने सामाजिक सञ्जाल बन्द गर्नु भनेको सूचना पाउने हकबाट वञ्चित हुनु हो । सहजीकरणको माध्याबाट जानु पर्ने हो, बन्द गर्ने सरकारको निर्णय अपरिपक्व भयो ।'

महासंघले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय सच्याउन सरकारसँग आग्रह गरेको छ । 'डिजिटल नेटवर्कको सुविधा बन्द गर्न हुँदैन । सरकारकले निर्णय फिर्ता लिनुपर्छ ।'-उनले भने ।

**डिंगरनगर...**

किटानी जाहेरी परेपछि अनुसन्धान अगाडि बढेको हुँदा अनुसन्धान टुंगिएपछि अभियोजन गर्ने डीएसपी रानाले बताए ।

व्यवस्थापक वसन्त पराजुली एक साता प्रहरीको हिरासत बसेर छुटिसकेका छन् भने अध्यक्ष र सचिवविरुद्ध पनि रुपन्देही जिल्ला अदालतले एक महिनाअघि नै पक्राउ पुर्जी जारी गरेको थियो । तर उनीहरू अहिलेसम्म पक्राउ नपर्दा बचतकर्ताले राजनीतिक संरक्षणको आशंका गरेका छन् ।

'अध्यक्ष तिवारी र सचिव थापा दुवैजना कांग्रेसका स्थानीय नेता हुन्, गृहमन्त्री पनि कांग्रेसकै भएकाले राजनीतिक आडमा उनीहरूलाई जोगाउने षड्यन्त्र गरिएको हो कि भन्ने धेरै बचतकर्ताहरूको आशंका छ,' सहकारीका सदस्य कमल शर्माले भने-'प्रहरीको सुस्तताले आशंका सत्य हो कि भन्ने बल पुगेको देखिन्छ ।'

ऋण प्रवाह गर्दा फाइलमा प्रक्रिया पूरा नगरिएको, १० लाखभन्दा माथिको फाइलमा इञ्जिनियरिङ मूल्यांकन नगरेको, ऋण नलिएका व्यक्तिहरूको नाममा ऋण देखाई महिनाको अन्त्यमा देखिएको ऋण अर्को महिनाको पहिलो साता 'शून्य' बनाइएको, नक्कली सदस्यहरू बनाएर ऋण लगानी गरेको, ऋण लगानी गरेको ६ महिनापछि सदस्य बनाएको जस्ता बदमासी भएको प्रतिवेदनमा उल्लेख छ ।

अध्यक्ष तिवारी १७ वर्षदेखि अध्यक्ष पदमा रहेका र सञ्चालक समितिमा एउटै दलका मान्छेको बर्चस्व रहेकाले मिलेमतोमा बचत अपचलन भएको आरोप छ ।

प्रदेश सहकारी ऐन, २०७६ को दफा ३७ को उपदफा (१) मा, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन नपाउने व्यवस्था छ ।

सहकारीका अध्यक्ष घनश्याम तिवारी र सचिव रामबहादुर थापा क्षेत्री लामो समयदेखि फरार रहेकाले बचतकर्ताहरू अन्यौलमा परेका छन् ।


**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# शिक्षा विधेयकका केही प्रावधानविरुद्धको आन्दोलन निर्णायक बनाउने निजी विद्यालय सञ्चालकको निश्कर्ष




बुटवल। निजी विद्यालयका संस्थापक, अध्यक्ष र प्राचार्यहरुले विद्यालय शिक्षा विधेयकका कतिपय प्रावधान निजी शैक्षिक संस्था प्रतिकुल रहेको जनाउँदै त्यसविरुद्ध सञ्चालन भैरहेको आन्दोलनलाई निर्णायक बनाइनुपर्ने निश्कर्ष निकालेका छन्।

शिक्षा विधेयकमा राखिएको निजी विद्यालयलाई क्रमशः गैर नाफामूलक बनाइने र १५ प्रतिशत विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिनुपर्ने प्रावधानप्रति निजी विद्यालयको असहमति छ। निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) रुपन्देहीले बिहीबार बुटवलमा आयोजना गरेको जिल्ला भेलामा सहभागी उनीहरुले शिक्षा विधयेकविरुद्ध हुने काठमाडौं केन्द्रित आन्दोलनलाई निर्णायक बनाइनुपर्नेमा जोड दिएका हुन्। आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै उनीहरुले आफ्ना असहमतिका विषयमा सांसदहरुको समेत ध्यानाकर्षण गराइनुपर्ने बताए।

भेलामा प्याब्सन केन्द्रीय उपाध्यक्ष टिकाराम न्यौपानेले साउन २५ गतेदेखि सुरु भएको आन्दोलनको विषयमा जानकारी गराउँदै भदौ २३ बाट काठमाडौंमा हुने आन्दोलनलाई व्यापक बनाउन रुपन्देहीबाट व्यापक सहभागिता हुनुपर्ने बताए। प्याब्सन रुपन्देहीका अध्यक्ष दीपक खनालले रुपन्देहीमा २६१ निजी विद्यालय रहेको जनाउँदै त्यसमा १७ अर्ब लगानी रहेको जानकारी गराए। न्यू होराइजन स्कूलका अध्यक्ष ज्ञानेन्द्र कसजुले उचित मूल्यांकन गरेर निजी विद्यालय राष्ट्रियकरण गरे आफूहरुलाई आपत्ती नहुने बताए। यस्तो गर्न नसके निजी विद्यालय सञ्चालनका लागि सहज वातावरण निर्माण हुनुपर्ने जनाए।

यस्तै प्याब्सन पूर्व केन्द्रीय सदस्य गंगा शाहीले निजी विद्यालयलाई निरुत्साहित गराउने विषय किमार्थ स्वीकार्य नहुने बताउँदै कुनै कमीकमजोरी रहेका भए आफूहरु सच्चिन तयार रहेको स्पष्ट पारिन्। रम्भादेवी स्कूलका अध्यक्ष सूर्यबहादुर भट्टराईले व्यक्तिको निजी सम्पत्ति संरक्षणको हक संविधानले सुनिश्चित गरेको अवस्थामा सरकारले शिक्षा विधेयकमा ल्याएका प्रावधान संविधानको मर्मविपरीत रहेको बताए। सिद्धार्थ बोडिङ्ग स्कूलका अध्यक्ष रामलाल श्रेष्ठले सरकारले निजी विद्यालयमा पढेका विद्यार्थीलाई उच्च शिक्षाको छात्रवृत्तिमा विभेद गरेको उल्लेख गरे।

शिक्षा विधेयकलाई यही भदौ २६ गते संसदबाट पारित गर्ने सरकारको तयारी छ। निजी विद्यालय सञ्चालकहरुले संघीय सांसदहरुलाई भेटेर विधेयकका निजी विद्यालयलाई गैरनाफामुखी संस्था बनाउँदै लैजाने र पूर्ण छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने प्रावधान हटाएर पारित गर्न अनुरोध गर्ने भएका छन्।

# स्थानीय बिदामा समन्वय गर्न माग



**मोहम्मद हबिब**
*भैरहवा*

प्रदेश सरकार र स्थानीय सरकारले बड्कीअटवारी पर्व भनि विद्यालयले फरक-फरक दिन बिदा दिँदा विद्यार्थीहरुको अध्यापन प्रभावित भयो। पालिका प्रमुखको निधनले पनि रुपन्देहीका १६ वटै पालिकामा बिदा दिने निर्णय भयो, नगर स्थापना, प्रदेश स्थापनालगायतका दिवसमा पनि स्थानीय तहले विद्यालय बिदा गर्दै आएका छ। स्थानीय सरकारहरुले मनलाग्दी बिदा दिने निर्णय गर्न लागेपछि सिद्धार्थनगरका निजी विद्यालय सञ्चालकहरुले नगरपालिकालाई ध्यानाकर्षण गराउँदै बिदामा समन्वय गर्न आग्रह गरेका छन्।

निजी विद्यालय सञ्चालकहरुले राष्ट्रिय बिदाबाहेक स्थानीय बिदामा विद्यालयहरुलाई बिदा अनिवार्य नगर्न माग राखेका छन्। उनीहरुले भोलिका कर्णधार बालबालिकाको पठनपाठनका बारेमा सिद्धार्थनगर नगरपालिका गम्भीर बन्नुपर्ने बताए।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाभित्र रहेका निजी विद्यालयहरुले नगरपालिकाले अत्याधिक बिदा तोकेको भन्दै विरोध समेत गरे। तीन तहको सरकारले पढाइलाई असर पार्ने हिसाबले अनावश्यक बिदा दिएको भन्दै नगरस्तरीय निजी विद्यालयका शैक्षिक संस्थाहरुले सिद्धार्थनगर नगरप्रमुख इस्तियाक अहमद खाँसँग समन्वय गरेर बिदाको निर्णय गर्नुपर्ने बताए।

त्यस्तै स्थानीय सरकारले दिने पर्व तथा धार्मिक, सामाजिक बिदामा विद्यालय सञ्चालन गर्न दिइ सम्बन्धित समुदायको पर्वको महत्वका बारेमा चर्चा गर्ने अवसर प्रदान गरिनुपर्ने उनीहरुको माग छ।

निजी विद्यालय सम्बद्ध संस्था प्याब्सन सिद्धार्थनगर, एन प्याब्सन सिद्धार्थनगर र मन्टेस्वरी एसोसिएसन सिद्धार्थनगरले संयुक्त रुपमा नगरप्रमुख इस्तियाक अहमद खानलाई ध्यानाकर्षण गराउँदै पत्र बुझाएका छन्।

स्थानीय सरकारले क्यालेण्डरमा तोकेअनुसारभन्दा अत्यधिक बिदा दिइनु पर्ने बाध्यताले निजी विद्यालयहरूको शैक्षिक क्यालेन्डर नै प्रभावित हुन पुगेको भन्दै यसमा समन्वय र सहजीकरण गर्न स्थानीय सरकारलाई अनुरोध गरेका छन्। अपरझट दिने बिदाले विद्यार्थी केही विद्यालय पुग्ने र केही बिदा भनेर बस्ने गर्दा शैक्षिक गतिविधिमा पूर्ण विद्यार्थीको उपास्थिति हुने अवस्था नरहेकोले बिदा दिँदा एक दिन अगाडि कार्यालय समयमा निर्णय गर्न आग्रह गरे। केही विद्यार्थी आउने र केही नआउने हुँदा शिक्षाबाट प्रभावित हुन पुगेकोले धार्मिक बाहेकका बिदामा विद्यालयहरुमा कक्षा सञ्चालनमा अवरोध नगर्न आग्रह गरे।

शैक्षिक सम्बद्ध संस्थाहरुले अत्यधिक बिदा कम गरी विद्यालयले सञ्चालन गर्ने शैक्षिक गतिविधि सहज बनाउनुपर्ने, स्थानीय सरकारले दिने बिदामा विद्यालयलाई अनिवार्य नगराई अन्य मातहतका कार्यालयहरूलाई मात्र बिदा गरियोस्, विद्यार्थीहरूको निरन्तर अध्ययनमा सहयोग पुऱ्याउन दीर्घकालीन समाधान खोजिनुपर्ने माग गरिएको प्याबसन सिद्धार्थनगरका अध्यक्ष उदयकुमार मल्लिकले बताए।

देशको शैक्षिक गुणस्तर वृद्धि गर्न तथा शिक्षाको क्षेत्रबाट समाजसेवा गर्ने उद्देश्यले आफ्नो जायजेथा बैंकमा धितो राखेर विद्यालय सञ्चालन गरेका निजी विद्यालय सञ्चालकहरुलाई पटकपटक हुने बिदाले प्रत्यक्ष आघात पुर्‍याएको सञ्चालकहरुको तर्क छ।

निजी विद्यालयहरु कम्पनी दर्ता भइ सञ्चालन हुने हुँदा कम्पनीको नियमानुसार सञ्चालन गर्ने वातावरण प्रदान गरिनुपर्ने, स्थानीय सरकार बिदा तथा शैक्षिक गतिविधिसम्बन्धी निर्णय गर्दा शिक्षा समितिमा मनोनयन गरिएका प्याब्सन, एन प्याब्सनका प्रतिनिधिलाई अनिवार्य सहभागी गराइनुपर्ने, अनिवार्य बिदा दिनुपर्ने अवस्थामा बिदाको निर्णय कम्तीमा एक दिन अगाडि गरिनुपर्ने र कार्यालय समयपछि बिदा निर्णय गरिन नहुने निजी विद्यालय सञ्चालकको माग छ।

'हामी निजी विद्यालय सञ्चालकहरु अभिभावसँग शुल्क लिएर मात्र विद्यालय चलाइरहेका छौं, हामीलाई कहीँकतैबाट कुनै किसिमको अनुदान, सहयोग एवं सुविधा आउँदैन भन्ने कुरा पनि स्थानीय सरकारले बुझिदिन जरुरी रहेको छ।'-एन प्याब्सन सिद्धार्थनगरका अध्यक्ष अमित कुमार यादवले भने।

मन्टेश्वरी एशोसिएशन सिद्धार्थनगरका अध्यक्ष अनामिका बस्यालले हामीले शिक्षासँगै अन्य आधारभूत कुराहरु पनि विभिन्न माध्यमबाट सिकाई उपलब्धि गराउने गरेको बताइन्। शिक्षासँगै अतिरिक्त क्रियाकलाप र इच्छाअनुसारको अन्तरनिहित प्रतिभालाई बाहिर ल्याउने काममा आकस्मिक बिदाले असर पुऱ्याएको उनले बताइन्।

सिद्धार्थनगर नगरपालिकाका मेयर इस्तियाक अहमद खानले आगामी दिनहरूमा सिद्धार्थनगर नगरपालिकाभित्र रहेका निजी विद्यालयहरूको सहकार्य गरे बिदा घोषणा गर्ने बताए। उनले बिदा दिँदा अभिभावकहरुको गुनासोलाई मध्यनजर गरी सिद्धार्थनगरले कार्यपालिकाले निर्णय गर्ने गरेको बताउँदै धार्मिक बिदामा लक्षित समुदायलाई मात्र दिँदा शिक्षाबाट वञ्चित हुने देखिएपछि सबैलाई बिदा दिँदै आएको बताए।

विज्ञप्तिमा निजी विद्यालयका तर्फबाट विद्यार्थीको शैक्षिक हानि रोक्न आवश्यक कदम चाल्न नगरपालिकासँग आग्रह गरिएको छ। साथै, शैक्षिक क्षेत्रमा देखिएको यस किसिमको अव्यवस्था समाधान गर्न सरोकारवाला निकायबिच सहकार्य र संवाद आवश्यक भएको विद्यालय व्यवस्थापकहरूको भनाइ छ।

# पाल्पामा रक्त सञ्चार केन्द्र सञ्चालन

पाल्पा । नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाले तानसेनमा रक्त बैंकको शुभारम्भ गरेको छ। रेडक्रसकर्मी, पत्रकार, नागरिक समाज, सर्वसाधारणको सहभागितामा ६३औं रेडक्रस दिवसको अवसरमा पाल्पामा पहिलो पटक रेडक्रस पाल्पाले रक्त सञ्चार सेवा सञ्चालन गरेको हो। करिब ३ वर्षको लामो मिहिनेतपछि रेडक्रस पाल्पाले तानसेनमा रक्त सञ्चार केन्द्र ( ब्लड बैंक ) सञ्चालन गरेको हो। रेडक्रस पाल्पाले सञ्चालन गरेको 'हामी बनाउँछौं हाम्रो ब्लड बैंक' अभियानले आम पाल्पावासीमा खुसी छाएको छ। पाल्पामा लुम्बिनी मेडिकल कलेज, मिशन अस्पताल, पाल्पा अस्पताल, रामपुर अस्पताल र पाल्पा डाइलासिस सेन्टर गरी ५ वटा अस्पताहरु सञ्चालनमा रहेका छन्।

पाल्पामा रगत अभाव भएकोले बुटवललगायत क्षेत्रबाट नियमित रुपमा रगत ल्याउनु पर्ने बाध्यता बिरामीहरुलाई हुँदै आएको थियो। ब्लड बैक सञ्चालनको लागि रेडक्रस पाल्पाका उपाध्यक्ष भिमसेन कार्की र पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सीनाले रक्तदान गरी कार्यक्रमको सुरुवात गरेका थिए। कार्यक्रममै पहिलो दिन २६ युनिट रगत संकलन भएको छ।

नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा अध्यक्ष बाबुराम कार्कीले अवका दिनमा पाल्पा जिल्लामा रक्त अभावको समस्यालाई समाधान गर्न रक्त बैंक महत्वपूर्ण हुने बताए। विगतमा आकस्मिक अवस्थामा रगत अभावका कारण बिरामी र परिवारजनलाई कठिनाइ व्यहोर्नु परेको थियो, अबका दिनमा रगत नपाएर मानिसको मृत्यु हनुबाट रोक्न यो कार्यक्रमले सहयोग गर्ने अध्यक्ष कार्कीले बताए। मानिसको जीवन बचाउन सबैलाई रक्तदान कार्यक्रममा सहभागी हुन अध्यक्ष कार्कीले अनुरोध गरे।

पाल्पा जिल्लामा हरेक महिना ३ सयदेखि ३ सय ५० प्वाइन्ट र वार्षिक रुपमा ४ हजार ५ सय प्वाइन्ट रगतको आवश्यकता पर्ने गरेको छ। दुर्घटना, प्रसूति, शल्यक्रिया तथा दीर्घकालीन रोगका बिरामीहरूको लागि समयमै रगत उपलब्ध गराउन कठिनाइ भइरहेकाले बिरामीहरुलाई रगतको अभाव हुन नदिन, आधुनिक रक्त बैंक स्थापना गरि सञ्चालनमा ल्याएको रेडक्रस पाल्पाका उपसभापति भिमसेन कार्कीले बताए।

रक्त बैंक सञ्चालन भएपछि अझ आइपर्ने चुनौती र कठिनाईलाई समाधान गर्न नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले आगामी दिनमा पनि नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्ने र जिल्लाभर जनचेतनामूलक अभियानलाई निरन्तरता दिने, पालिकास्तरमा पुगेर रक्तदाताको रोष्टर तयार पार्ने शाखाका मन्त्री केशवराज नेपालले बताए।

पाल्पामा दैनिक रुपमा आवश्यक पर्ने रगतको अभाव परिपूर्ति गर्नको लागि अस्थायी रुपमा शाखा कार्यालयमै ब्लड बैंक सञ्चालन गरिएको स्थायी रुपमा तानसेन नगरपालिका भुसालडाँडामा भवन निर्माण भइरहेको कार्यालय प्रमुख विनोद भारतीले जानकारी दिए।

ब्लड बैंक भवन निर्माणको लागि शहरी विकास मन्त्रालयबाट गत वर्ष १ करोड ५० लाख र चालु आर्थिक वर्षमा ३ करोड रुपैयाँ विनियोजन भएको थियो। नियमित रुपमा ब्लड बैंक सञ्चालन तथा चालु खर्च व्यवस्थापनको लागि रेडक्रस पाल्पाले विभिन्न व्यक्ति संघ सस्थाहरुसँग गरी ६८ लाख रुपैयाँ संकलन गरेको र रकम संकलन अभियान जारी रहेको शाखा कोषाध्यक्ष सन्तोष खनालले बताए।

ब्लड बैंक सञ्चालनको लागि संघीय स्वास्थ्य मन्त्रालयबाट ५० लाख रुपैयाँमा अत्याधुनिक उपकरण खरिद भएको, रामपुर नगरपालिकाबाट १० लाख बराबरको जेनेटर, रम्भा गाउँपालिका बाट ५ लाख बराबरको एसि फ्रिज, रिब्दीकोट गाउँपालिकाबाट ५ लाख बराबरको ब्याट्री व्याकपलगायतका सरसमान खरिद गरिएको रेडक्रस पाल्पाले जनाएको छ।

ब्लड बैंक शुभारम्भ कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले रक्तदानको आवश्यकता, यसको महत्व र सामाजिक प्रभावबारे सचेतना फैलाउँदै समुदायलाई नियमित रक्तदाता बन्न प्रेरित गर्न जिल्लाका सञ्चार माध्यम तथा पत्रकारहरु सक्रिय भएर लाग्ने प्रतिबद्धता जनाए।

रक्तदानले केवल जीवन जोगाउने मात्र नभई सामाजिक एकता र सहकार्यलाई पनि बलियो बनाउने महासंघ अध्यक्ष तिमिल्सेनाले जोड दिए।

# खुद्रा व्यवसायीले खुवाए गौमातालाई आहार



बुटवल। खुद्रा किराना व्यवसायी संघ, बुटवलले आफ्नो १५औं वार्षिक साधारण सभा तथा १०औं अधिवेशनको पूर्व सन्दर्भमा गौमाता संरक्षणार्थ विशेष खाद्य वितरण कार्यक्रम सम्पन्न गरेको छ।

बुटवल-७, नन्दनी गौशाला, शिवनगरमा आयोजित उक्त कार्यक्रममा गौमाताहरूलाई आवश्यक खाद्यान्न वितरण गरिएको थियो। संघले सामाजिक उत्तरदायित्वअनुसार सञ्चालन गरेको जनाएको छ।

कार्यक्रममा बोल्दै बुटल उपमहानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले खुद्रा व्यवसायीहरुलाई उप-महानगरले सम्मान गर्ने वातावरण बनाउन आग्रह गरिन।

कार्यक्रममा सल्लाहकार कृष्ण पाण्डे, निवर्तमान अध्यक्ष मोहन बस्याल, अध्यक्ष महेन्द्र पोखरेललगायतले बोलेका थिए।

कार्यक्रममा संघका पदाधिकारी तथा स्थानीय प्रतिनिधिहरूको उपस्थितिमा गौशालामा रहेका गौमाताहरूलाई आहार उपलब्ध गराइएको थियो। संघले आफ्ना ग्राहकलाई सहज र पारदर्शी सेवा पुऱ्याउँदै सामाजिक कार्यमा समेत सक्रिय रहँदै आएको जनाएको छ।

## CHHATRADEV RURAL MUNICIPALITY
### OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
### CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For Sealed Quotations

Date of First publication: 2082/05/20 (05 September, 2025)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

**Last Date of Bid Purchase and Submission: 21st September, 2025 (2082/06/05) 12:00 Hrs.**

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT (NRP) | Bid Security Amount with Validity up to 5th December 2025 (NRP) |
|---|---|---|---|
| 1 | Pauwa Health Post-Taktola Motorable Road, Chhatradev-02, Arghakhanchi CRM/ARG/SQ/W/06/082/83 | 8,61,801.57 | 28,000/- |
| 2 | Ratapokhara Khel Maidan Maintenace Works CRM/ARG/SQ/W/07/082/83 | 6,02,010.25 | 20,000/- |

## Madhyabindu Municipality
## Office of Municipal Executive
Madhyabindu-7, Chormara,
Nawalparasi(East of Bardghat Susta)
Gandaki Province, Nepal

## Invitation for Bids

**Invitation for Sealed Quotation**
**First Date of publication: 2025-09-05**

1. Madhyabindu Municipality has own resources has allocated funds towards the cost of Procurement of Medicineand intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (Without VAT ) | Cost of Sealed Quotation Document Nrs. | Sealed Quotation security Amount Nrs. | Validity for Sealed Quotation documents / Sealed Quotation security | Last Date and Time of Sealed Quotation Submission | Sealed Quotation Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 06/SQ/MB/GOODS/2082/83 | Procurement of Medicine | SQ- GOODS | 2558000.00 | 1000/- | 70,000.00 | 45 days/ 75 days after bid opening | 2025-09-21 12.00 | 2025-09-21 14.00 |

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com